**Patan Pragya** *(Volume: 13, Number: 2, 2024)* *ISSN 2594-3278*

Received Date: Sept. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# 'उज्यालाको पर्खाल' कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिता

**यसोदा राई**

yashodarairai@gmail.com

*Doi: https://doi.org/10.3126/pragya.v13i2.78800*

**लेखसार**

*प्रस्तुत लेख मूलतः लुसिएँ गोल्डमानको विश्वदृष्टि र संरचनाको समानधर्मिताको सैद्धान्तिक आधारमा केन्द्रित रही भागीरथी श्रेष्ठको 'उज्यालाको पर्खाल' कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको अध्ययन र विश्लेषणमा आधारित रहेको छ । 'उज्यालाको पर्खाल' कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको स्वरूप केकस्तो रहेको छ र विश्वदृष्टि र संरचनाको समानधर्मितालाई 'उज्यालाको पर्खाल' कथामा कसरी अभिव्यक्त गरिएको छ भन्ने जिज्ञासाको समाधान गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यस अध्ययनमा आधारभूत र द्वितीयक स्रोतबाट सामाग्री लिई विश्वदृष्टि र संरचनाको समानधर्मितासम्बन्धी सैद्धान्तिक आधारलाई पाठ विश्लेषणको मुख्य विधिको रूपमा अँगालिएको छ । कथा विश्लेषणका क्रममा कृतिमा प्रयुक्त पात्र वृद्धा आमाले आफ्नो सन्तानमाथि विश्वास र भरोसा गर्नु स्वभाविक हुँदाहुँदै पनि त्यस विश्वास र भरोसालाई ती सन्तानले लत्त्याएको सन्दर्भलाई कथाले उजागर गरेको छ । यसको प्रमुख कारण भनेको पुँजीवादी समाजले सिर्जना गरेको व्यक्तिवादी विश्वदृष्टि नै हो । यस विश्वदृष्टिले निम्त्याएको निराशावादी र तिरस्कारको विश्वदृष्टिलाई प्रखर रूपमा अभिव्यञ्जित गरिएको छ र तत्कालीन समाजको सामूहिक चेतना र आज अभिव्यक्त भएको समाजको चेतनासँग पनि प्रबल समानधर्मिता कायम गरेकोले यस कथा विश्वदृष्टि र संरचनाको समानधर्मिताका परिप्रेक्ष्यबाट सबल र उत्कृष्ट रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**

उत्पत्तिमूलक संरचनावाद, सामूहिक चेतना, सम्भावित चेतना, मातृत्व, व्यक्तिवादी सोच

## १. विषयपरिचय

कथा साहित्यको एक लघु आयामयुक्त आख्यानात्मक विधा हो । नेपाली साहित्यको इतिहासमा कथालेखन प्रक्रिया निकै अगाडिदेखि नै भए तापनि आधुनिक कथाको प्रारम्भ भने वि.सं. १९९० को दशकदेखि सुरु भएको हो । नेपाली कथाको यही आधुनिक चरणको समसामयिक कालको सशक्त कथाकारहरूमध्ये भागीरथी श्रेष्ठ पनि एक हुन् । भागीरथी श्रेष्ठद्वारा लिखित 'उज्यालाको पर्खाल' शीर्षक कथा *रातो गुलाफ* (२०६६) कथासङ्ग्रमा सङ्गृहीत छ । कथालाई विश्लेषण गर्ने विभिन्न आधार छन् । ती विविध आधारमध्ये समाजशास्त्रीय अध्ययनअन्तर्गत पर्ने विश्वदृष्टि र संरचनाको समानधर्मिताका

आधार पनि एउटा प्रमुख हो । यही विश्वदृष्टि र संरचनाको समानधर्मिताको सैद्धान्तिक मान्यताका आधारमा ‘उज्यालाको पर्खाल’ शीर्षक कथालाई विश्लेषण गरिएको छ । पुँजीवादी नेपाली समाजले सिर्जना गरेको व्यक्तिवादी विश्वदृष्टिलाई मूल विषय बनाएका श्रेष्ठका कथाले वृद्धा अवस्थामा पुगिसकेका आमाहरूका सामूहिक चेतनालाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । ‘उज्यालाको पर्खाल’ कथामा चित्रित नेपाली समाजमा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मितालाई केलाउनु यस लेखको मुख्य अध्ययन क्षेत्र रहेको छ । यस कथामा अध्येताहरूले विभिन्न आधारबाट अध्ययन विश्लेषण गरेको भेटिन्छ तर यसमा विश्वदृष्टि र संरचनाको समानधर्मिताको सैद्धान्तिक मान्यताका आधारमा अध्ययन विश्लेषणमा त्यति ध्यान पुग्न नसकेको देखिन्छ । त्यसैले यही ध्यान नपुगेको रिक्ततालाई पूरा गर्न यस लेखमा ‘उज्यालाको पर्खाल’ शीर्षक कथामा विश्वदृष्टि र संरचनाको समानधर्मिताको विश्लेषणलाई अध्ययनको मुख्य विषय बनाइएको छ । यस क्रममा ‘उज्यालाको पर्खाल’ कथालाई अन्य कुनै आधारबाट नभई कथाकारले व्यक्त गरेका विश्वदृष्टि र संरचनाको समानधर्मिताका आधारमा आधारित रहेर निर्दिष्ट कथाको विश्लेषण गर्नु यस लेखको सीमा रहेको छ । ‘उज्यालाको पर्खाल’ कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको खोजी गरी पाठकसामु पुऱ्याउनु नै यस लेखको प्रमुख उपादेयता रहेको छ । यो नवीन अध्ययनका लागि विश्वदृष्टि र संरचनाको समानधर्मितासम्बन्धी विभिन्न विद्वान्हरूका आधारभूत अवधारणालाई प्रस्तुत गर्दै सोद्देश्य छनोटमा परेको ‘उज्यालाको पर्खाल’ कथालाई विवेच्य सामग्रीका रूपमा लिई यसमा विश्वदृष्टि र संरचनाको समानधर्मिता केकस्तो रहेको छ भन्ने शोध्य समस्या निर्माण गरेर यसै समस्याको समाधान खोज्नुलाई नै यस लेखको प्रमुख उद्देश्य बनाइएको छ ।

## २. अध्ययनविधि

भागिरथी श्रेष्ठद्वारा लिखित *रातो गुलाफ* (२०६६) कथासङ्ग्रमा सङ्गृहीत ‘उज्यालाको पर्खाल’ शीर्षक कथामा निहित विश्वदृष्टि र संरचनाको समानधर्मितालाई पहिचान गर्नु नै प्रस्तुत लेखको मुख्य विषय हो । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन् । त्यसमध्ये श्रेष्ठको ‘उज्यालाको पर्खाल’ कथालाई प्राथमिक सामग्रीका रूपमा र विश्वदृष्टि र संरचनाको समानधर्मितासम्बन्धी सैद्धान्तिक पर्याधारका लागि विभिन्न समालोचनात्मक कृति तथा लेखहरूमा व्यक्त गरेका तत् विषयका विचारलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यो अध्ययन साहित्यिक र गुणात्मक प्रकृतिको भएकाले पुस्तकालयीयद्वारा सङ्कलित सामग्रीको अर्थापनका लागि मुख्यतः सघन पाठविश्लेषणको पद्धति अँगालिएको छ । समग्रतः यस लेखमा विश्वदृष्टि र संरचनाको समानधर्मितासम्बन्धी मान्यताका आधारमा श्रेष्ठको ‘उज्यालाको पर्खाल’ कथालाई सोद्देश्य नमुना छनोटका माध्यमबाट वस्तुगत विश्लेषण गरी प्राज्ञिक समस्याको समाधान गरी निष्कर्षमा पुगिएको छ ।

## ३. सैद्धान्तिक पर्याधार

फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमानले साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । यसभित्र साहित्य विश्लेषणका

विभिन्न आधारहरू रहेका छन् । ती आधारहरूमध्ये विश्वदृष्टि उनको प्रमुख मान्यता हो । गोल्डमानका अनुसार समाजमा समान विशेषता भएका मानिसहरूको साझा धारणा नै विश्वदृष्टि हो अथवा सामूहिक चेतना हो । (गोल्डमान, सन् १९८९, पृ. २०) । उनका विचारमा एउटा वर्ग वा समुदायको जीवनजगत्का बारेको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग र समूहको इतिहाससँग हुन्छ । एउटा समाजमा जुन विश्वदृष्टि देखिन्छ त्यो समय परिवर्तन हुँदै जाँदा अर्को समयमा पुगेपछि अर्को विश्वदृष्टि पनि विकसित हुन सक्छ । त्यसैले समाजका वर्ग वा समूहको इतिहासको बोधबाट कृतिमा व्यक्त विश्वदृष्टिको बोध गर्न सकिन्छ । कृतिमा विश्वदृष्टिको खोजी गर्ने सन्दर्भको ऐतिहासिक प्रक्रियामा त्यसको सम्बन्धबारे पनि विवेचना गर्न सकिन्छ (गोल्डमान, सन् १९८९, पृ. २१-२२) । गोल्डमानले विश्वदृष्टिलाई त्यस्तो विचार र भावनाको रूप मानेका छन्, जसले वर्गविशेषका हरेक सदस्यहरूलाई एकआपसमा सम्बद्ध गराएको हुन्छ (घिमिरे, २०७६, पृ. ७५) । ती सम्बद्ध सामूहिक चेतनाको समष्टिगत स्वरूपलाई नै विश्वदृष्टि भनिन्छ । विश्वदृष्टि भन्नाले समाजमा मूलतः एउटा वर्ग वा समुदायमा समान धारणा वा विचार भएका व्यक्तिहरूविच निर्माण हुन सक्ने साझा धारणा वा चेतना हो । त्यही साझा धारणा वा चेतनाबाट  विश्वदृष्टिको निर्माण हुने गर्दछ (राई, २०७९, पृ.१३) । सामूहिक विचार वा सामूहिक चतनाको मान्यतालाई सामाजिक संरचनाको अध्ययनको रूपमा प्रस्तुत गर्दै समाजका विभिन्न वर्ग वा समुदायले विशेष विचारधाराहरूको विकास गर्ने र साहित्यकारले यी सामूहिक विचारलाई आफ्ना कृतिहरूमा व्यक्त गर्ने हुनाले कृतिमा लेखकीय समान वर्गका चेतनाको सशक्त प्रतिविम्बन गरिएको हुन्छ (गौतम, २०५९, पृ.२७) । लेखकले साहित्यमा व्यक्त गरेको विचार वा चेतना लेखकको समाज र त्यस समाजका विभिन्न वर्ग र समुदायका व्यवहार र चिन्तनबाट प्रभावित हुन्छ । त्यसैले विश्वदृष्टि कुनै व्यक्ति विशेषको नभएर समूह विशेषको हुन्छ (श्रेष्ठ, २०७६, पृ.८०) । त्यसैले प्रत्येक साहित्यिक कृति समाजका सामूहिक विचारहरूको सुसङ्गत अभिव्यक्ति वा सामूहिक चेतना हो ।

समाजमा अभिव्यक्त विश्वदृष्टि कुनै एउटा व्यक्तिको मात्र नभएर यो जहिले पनि सामूहिक हुन्छ, यद्यपि फरक फरक समयमा र समुदायमा फरक फरक विश्वदृष्टिको विकास हुन्छ । यसै सन्दर्भमा गोल्डमानले संरचनाको समानधर्मिताका बारेमा पनि उल्लेख गरेका छन् । समानधर्मिता भनेको समाज जस्तो छ, त्यस्तै समान गुण, रूप, धर्म भएको कृतिको निर्माण गर्नु हो । समानधर्मिता साहित्यिक कृतिहरू र समाजका विशेष संरचनाबिचको समानता वा मिल्दोजुल्दो सम्बन्धलाई बुझाउने साहित्यिक मान्यता हो (पौडेल, सन्.२०२५, पृ.४७) । पौडेल, कुनै वर्ग वा समुदायको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । यसलाई उनी संरचनाको समानधर्मिता भन्छन् (पाण्डेय, २०७३, पृ. ७) । उनका दृष्टिमा जुन कृतिमा समानधर्मिता प्रबल हुन्छ त्यही कृतिलाई महान् भनिन्छ । यस्ता समानधर्मिता स्रष्टाहरूबाट व्यक्त रचनाहरूमा पाइन्छ (पाण्डेय, २०१६, पृ.२९३) । लेखकका अनुभूति वा धारणाहरू समाजका वर्ग समुदायबाटै बन्छन् र उसले समुदायकै चेतनाको प्रतिनिधित्व वा अभिव्यक्त गर्दछ । लेखकले साहित्यमा व्यक्त गरेको विचार तथा चेतना लेखकको समाज र त्यस वर्गका अन्य व्यक्तिहरूको व्यवहार र चिन्तनबाट प्रभावित हुन्छ । यसरी लेखककै समुदायका विचार, भावना, चेतना

आदि कुराहरू लेखकको विचारसित अन्वित भई विश्वदृष्टिको विकास हुन्छ (पाण्डेय, २०७३, पृ. ७) । विश्वदृष्टिको निर्माण एउटा वर्ग वा समुदायको पूर्णतम सम्भावित चेतनाबाट हुन्छ । त्यसैले विश्वदृष्टि भन्नाले समाजका मानवीय समुदायमा र खास गरी एउटै वैचारिक धारणा भएका मान्छेका बिच निर्माण हुन सक्ने सामूहिक चेतना हो । एलेन सिङउडले गोल्डमानको विश्वदृष्टिका सन्दर्भमा यो विश्वदृष्टि समष्टिगत चेतनाको अवधारणामा केन्द्रित रहेको हुन्छ भन्ने विचार व्यक्त गरेका छन् (जैन, सन् १९९२, पृ. २९ ) । एउटा समाजमा विभिन्न प्रकारका व्यक्तिहरू रहे तापनि ती व्यक्तिहरूलाई वर्ग तथा समूहको सम्भावित चेतनालाई साहित्यकारले कृतिमा व्यक्त गरेका हुन्छन् । कृतिमा अभिव्यक्त चेतना तथा विश्वदृष्टिको माध्यमबाट कृति तयार भएको समाज र त्यस समाजका वर्ग वा समूहको मानसिक संरचनाबारे बोध गर्न सकिन्छ । रचनाको प्रत्येक हिस्सा सम्पूर्ण रचनासँग जोडिएको हुन्छ अनि त्यसबाट साहित्यिक कृतिको अन्तिम अर्थ प्राप्त हुन्छ । समाजका वर्ग वा समूहको मानसिक संरचनामा आन्तरिक एकता रहेजस्तै साहित्यकारले कृतिमा व्यक्त विश्वदृष्टि र समाजको विश्वदृष्टिमा एकात्मकता रहेको हुन्छ र कृतिको सम्पूर्ण बोधबाट कृतिमा निहित विश्वदृष्टिबारे अवगत हुन्छ (क्षेत्री, २०६४, पृ. ५०) । यही विश्वदृष्टिको पहिचान साहित्यमा गरिन्छ । गोल्डमानका अनुसार कृतिमा अभिव्यक्त समाज र समाजबाट प्रभावित कृति अर्थात् साहित्यका आधारमा समाज र समाजका आधारमा कृतिको व्याख्या गरिन्छ । कृतिमा अभिव्यक्त समाज, वर्ग वा समूहको विश्वदृष्टिको संरचनात्मक सम्बन्धका बिचमा समानधर्मिताको पहिचान गरिन्छ (पाण्डेय, सन् १९८९, पृ. १५१-१५२) । एउटा निश्चित कालखण्डमा एउटा वर्ग वा समुदायको विचार, अनुभूति र व्यवहारलाई नै विश्वदृष्टिले समग्रतामा समेटेको हुन्छ । लेखकीय प्रभावलाई र सीमित व्यक्तिका अनुभवलाई भन्दा सामाजिक वर्गले लामो समयमा विकसित गरेको विश्वदृष्टिलाई साहित्यमा खोजी गर्नुपर्ने गोल्डमानको मान्यता रहेको छ । उनका अनुसार सांस्कृतिक र ऐतिहासिक विकासप्रक्रियाबाट निर्मित विश्वदृष्टिको साहित्यमा पहिचान गर्नु नै समानधर्मिताको खोजी हुनु हो ।

## ४. कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको विविध आयाम

प्रस्तुत लेखमा 'उज्यालाको पर्खाल' कथामा चित्रित विश्वदृष्टि र संरचनाको समानधर्मिताको अध्ययन गर्न विश्लेष्य कथामा व्यक्त भएका विश्वदृष्टि र संरचनाको समानधर्मिताको विभिन्न स्वरूपमध्ये निराशावादी, मातृत्व, तिरस्कार, परित्यागसँग सम्बद्ध विश्वदृष्टि र संरचनाको समानधर्मितालाई यहाँ अलगअलग उपशीर्षक बनाई सूक्ष्म विश्लेषण गरिएको छ :

### ४.१ निराशावादी विश्वदृष्टि र संरचनाको समानधर्मिता

भागीरथी श्रेष्ठको 'उज्यालाको पर्खाल' कथामा आधुनिक व्यक्तिवादी जीवनशैलीका कारण वृद्ध बाबुआमाले भोग्नुपरेको शारीरिक र मानसिक तिरस्कारलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । अहिलेको बढ्दो सहरीकरण र सहरी जीवनशैलीले सिर्जना गरेको पारिवारिक समस्यालाई यस कथामा प्रतिविम्बन गरिएको छ । परिवर्तित समाजले आधुनिकतालाई पछ्याउने क्रममा प्रत्येक व्यक्तिका इच्छा र चाहनाहरू असीमित हुँदै गएका छन् । यसै क्रममा मान्छेका व्यक्तिवादी सोच र विचारहरू दिनानुदिन विकसित हुँदै

गएको अवस्था रहेको छ । जसको कारणले समाजमा जटिल समस्याहरू जन्मिरहेका छन् । ती समस्याहरूमध्ये बुढेसकालको समस्या प्रमुख रहेको छ। आधुनिक जीवनशैलीको कारण प्रायः सबै व्यक्तिका सन्तानहरूको रोजाइ सहर नै बन्दै गइरहेको छ। अव्यवस्थित सहरीकरणको कारण राम्रोसँग बसोबासको व्यवस्था नहुँदा कठिन पारिवारिक समस्या देखा पर्दै गएको छ। प्राय प्रत्येकका सन्तानहरू सहरमा बस्न थालेपछि असक्त र सहाराविहीन बाबुआमाहरू पनि आफ्नै सन्तानसँग यहीँ सहरमा बस्न बाध्य भइरहेका छन् । ती वृद्धवृद्धाहरूलाई सहरमा आफूसँगै ल्याएर राख्दा परिवारमा विभिन्न किसिमका समस्या, मतभेदहरू देखिन थालेका छन्। परिवारमा बस्ने, सुत्ने कोठाको समस्यादेखि लिएर हेरचाहको समस्यासम्म उनीहरूले झेल्दै आएका छन् । यसको प्रमुख कारण भनेकै एउटा आर्थिक अभाव रहेको छ भने अर्को चाहिँ व्यक्तिवादी मानसिकता र धारणा हो। यसको प्रत्यक्ष असर मूलतः सहरी जीवनशैली र सभ्यतामा परिरहेको छ। यस संवेदनशील विमर्शलाई समसामयिक कथाकारहरूले महत्त्वका साथ उठान गर्दै आएका छन्। यसै गरी यस कथामा पनि आधुनिक सहरी जीवनशैलीले सिर्जना गरेको व्यक्तिवादी सोचका कारण एउटी वृद्धा आमामा पर्न गएको मानसिकदेखि लिएर शारीरिक आघातको सन्दर्भलाई यसरी उल्लेख गरिएको छ :

> म भान्साको कुनामा सानो खाटमा सुत्थेँ। त्यति सानो ठाउँ मेरो लागि ओगट्नु पनि श्रापै भएको थियो । लुगाफाटो भएको सानो कन्तुर र एकसरो बिछ्याउना मेरा आफ्ना थिए। घरका सारा चिजहरू जुन आफ्नो भनेर छुन्थेँ, त्यसमा रोक लगाइएको थियो। धेरैजसो दिन मेरो त्यही सानो खाटमा भगवान्को जप गर्दै बित्दथ्यो । घरमा धेरैजसो मेरै लागि झगडा र रडाको मच्चिन्थ्यो। आजको हावाले छोएको नातिले भन्थ्यो, भान्सामा यो बुढी अजीलाई सुताएर भान्सै गन्हाइसक्यो। त्यसैले होला नातिले भान्सामा भात नखाई कोठामा भात ल्याएर खान्थ्यो। यो नातिलाई हुर्काउन मैले दिनरात भनिनँ, आज त्यही नाति मेरा लागि पराई भएको छ (पृ.३-४ )।

बढ्दो सहरीकरणसँगै अव्यवस्थित बसोबासका कारण आजपर्यन्त सहर बजारमा बस्ने कोठा पाउन गाह्रो भइरहेको छ । यदि कोठा पाइहाले पनि कोठा भाडा एकदमै महङ्गो भएको र त्यसको अनुपातमा मान्छेको आयस्रोत एकदमै न्यून भएको कारण उनीहरूले विभिन्न आर्थिक अभावहरू झेल्नुपरिरहेको सन्दर्भलाई उपर्युक्त कथांशले उजार गरेको छ । यसको सबैभन्दा बढी असर वृद्धवृद्धा बाबुआमालाई परिरहेको छ। नातिनातिनाको पुस्ताले पनि ती वृद्धवृद्धा बाबुआमालाई पटक्कै माया गरेको पाइँदैन । बुढेसकाल लागेपछि कसैले उनीहरूलाई मन पराउँदैनन् । त्यसबाट ती वृद्धावस्थामा प्रवेश गरेका बाबुआमाहरूलाई ठुलो मानसिक आघात परिरहेको छ। आफ्नै घरका सबै सदस्यहरूबाट हेला र तिरस्कार भइरहेको कारण उनीहरू समाजमा निरीह जीवन बाँच्न बाध्य भइरहेका छन्। उनीहरूको यो वास्तविक अवस्थालाई आफ्नै परिवारहरूले बुझ्न खोजेका छैनन्। यस कथाकी वृद्ध पात्र सुगतकी आमाको पनि यस्तै अवस्था रहेको छ। उसलाई आफ्नै सन्तानले विभिन्न आरोप लगाएका छन्। यो बुढी अझै पनि किन बाँचेकी होली भन्ने मानसिकता उसका आफ्नै सन्तानहरूमा विकसित भएको छ। यी सबैको कारण भनेकै आधुनिक जीवनशैलीले निम्त्याएको व्यक्तिवादी स्वार्थान्ध मानसिकता नै हो। यो परिस्थिति सुगत र उसका परिवारको सङ्कुचित धारणाले सिर्जना गरेको छ । वृद्ध अवस्थामा प्रवेश गरेका

बाबुआमालाई एउटा ठुलो बोझको रूपमा लिने जुन सामाजिक प्रवृत्ति छ यसै विषयलाई यस कथाले जीवन्त ढङ्गले प्रस्तुत गरेको छ । साथै कथामा स्वार्थी सन्तानहरूका व्यक्तिवादी सोच र तिरस्कारले सिर्जना गरेको निराशावादी विश्वदृष्टि व्यक्त गरिएको छ । यो चेतना नितान्त लेखकको मात्र नभएर सामूहिक चेतना हो । त्यही सामूहिक चेतनाले कथामा विश्वदृष्टिको रूप लिएर आएको छ । मूलतः यस कथामा व्यक्तिवादी प्रवृत्तिद्वारा निर्मित र विकसित सामूहिक चेतनाबाट नै विश्वदृष्टिको निर्माण भएको छ । नेपाली समाजमा दिनानुदिन बढ्दै जान थालेको यस प्रकारको वृद्धवृद्धा समूहको सामूहिक चेतनालाई कथाले जीवन्त प्रस्तुत गरेको छ । यस कथालाई विश्वदृष्टि र संरचनाको समानधर्मिताका परिप्रेक्ष्यबाट विश्लेषण गर्दा लेखकले कृतिभित्र प्रस्तुत गरेको विश्वदृष्टिको संरचनासँग समाजको समानधर्मिता प्रबल रहेको तथ्य पुष्टि भएको छ ।

## ४.२ मातृत्वको विश्वदृष्टि र संरचनाको समानधर्मिता

एउटी आमाले आफ्नो सन्तानलाई जन्म दिँदा अपार खुसीको अनुभव गर्छे । उसले जब आफ्नो सन्तानको अनुहारमा हाँसो देख्छे, तब उसमा आनन्दको सीमा हुँदैन । यो हरेक आमाको नियति बनेको हुन्छ । सधैँ सन्तानको सुखका निमित्त आफूले जस्तोसुकै दुःख भोग्न पनि अग्रसर हुने ती महान् आमाहरूप्रति सन्तानहरूले आफ्नो कर्तव्य र जिम्मेवारी पूरा गरेको भने पाइँदैन । उनीहरूलाई आफ्ना बाबुआमाको पालनपोषण गर्न धौधौ पर्छ/परिरहेको छ । आफूलाई त्यो स्थानमा पुऱ्याउन आफ्ना बाबुआमाले गरेको महत्त्वपूर्ण त्याग र योगदानलाई उनीहरू सरासर बिर्सन्छन्/बिर्सिरहेका पनि छन् । ती वृद्धवृद्धा बाबुआमाको बेलैमा मृत्यु भएन भने उनीहरूलाई ठुलो बोझ मानी आफ्नै सन्तानले वृद्धाश्रममा छोडिदिने गर्दछन्/छोड्ने गरेका पनि छन् । ती निर्दयी सन्तानहरू सधैँका लागि आफ्ना बाबुआमालाई त्याग्न सक्ने हुन्छन् भने ती परित्यक्त बाबुआमाले भने सन्तानको सुखशान्ति र प्रगतिका लागि आश्रमबाटै दिनरात भगवान्लाई जपिरहेका हुन्छन् । विभिन्न कथाकारहरूले यो विरोधाभासपूर्ण सामाजिक परिस्थितिलाई साहित्यमा मूल स्वर दिएका छन् । यसै सन्दर्भमा विद्यमान नेपाली समाजमा व्याप्त स्वार्थी र निर्दयी प्रवृत्तिलाई कथामा यसरी चित्रण गरिएको छ :

> एक घण्टा बित्यो, दुई घण्टा बित्यो, छोरो फर्केर आएन । झमक्कै रात पऱ्यो । आत्तिएर कराउन थालेँ, "मेरो छोरो किन फर्केर आएन ? मलाई लिन आउँछु भन्थ्यो, अस्पताल लैजान्छु भनेर ल्याएको । कहाँ गया मेरो छोरो ?" सबैले एकअर्कालाई अनौठो भावले हेरे । "तपाईंको छोराले त तपाईंलाई मेरो साथीकी आमा हो, साथी मरेर आमालाई दुःख भएकाले यो वृद्धाश्रममा ल्याएको भन्थ्यो । तपाईंलाई यही आश्रममा बस्ने व्यवस्था गरेर गएको छ । आश्रमको फारममा पनि साथीको आमा भनेर लेखिएको छ ।" एउटा युवक जो आश्रमको इन्चार्ज थियो - आएर मलाई सम्झाउँदै भन्यो । "मेरो आफ्नै छोरो हो । मेरो एउटै छोरो । मैले जन्माएको छोरो । मेरो गाउँमा जगजाहेर छ । उसले कसरी त्यसो भन्न सक्छ ? मेरा बुहारी, नाति, नातिनी छन् । उसको साथीकी आमा म कसरी हुन सक्छु ?" (पृ. ६-७)

कथामा प्रयुक्त पात्र सुगतले आफ्नी आमालाई डाक्टरकहाँ देखाउन लैजाने भनी झुक्याएर वृद्धाश्रममा लैजान्छ । ऊ आमालाई वृद्धाश्रममा छोडेर भाग्छ । आमा भने आफ्नो छोरा आउँछ कि भनी बाटो हेर्दै समय बिताउँछे । आफैले जन्माएको छोराले यो हदसम्मको व्यवहार गर्न सक्छ भन्ने कल्पना पनि उसले गरेकी हुँदिन । आमालाई एक्लै छोडेर केही नभनी गएको छोरा धेरै समय फर्केर नआएपछि उसको मनमा चिसो पस्छ । ऊ अतालिएर रुन थाल्छे । उसलाई आश्रममा भएका सबै मान्छेहरूले सम्झाउने क्रममा छोराले डाक्टरलाई देखाउन होइन, आश्रममा बसाउनलाई ल्याएको कुरा भन्छन् । आफ्नी आमा नभनी साथीकी आमा हो भनेर गएको कुरा पनि उसलाई भन्छन् । उसका छोराले साथीकी आमा भएको र साथी नभएको कारण हेरविचार गर्ने मान्छे नभएर आश्रममा ल्याएको भन्ने कुरा गरेको पनि उनीहरूले बताउँछन् । उनीहरूको यो सबै कुरा सुनिसकेपछि ती वृद्धा आमा विचलित हुन पुग्छे । आश्रमको एक युवकले तपाईं यहाँ एक्लै हुनुहुन्न, तपाईंजस्तै धेरै आमाहरू हुनुहुन्छ त्यसैले चित्त बुझाएर बस्नुहोस् भन्छ । यसरी आफ्नै छोराले जन्म दिने आमालाई अस्पताल लैजान्छु भनी झुक्याएर वृद्धाश्रममा ल्याएर सम्पर्कविहीन भएको अवस्था भए पनि ति निरीह आमाले भने आफ्नो सन्तानले त्यस्तो किसिमको व्यवहार कसरी गर्न सक्छ होला भन्ने सोचेकी हुन्छे । त्यसकारण सन्तानले धोका दिए तापनि एउटी आमाले आफ्नो सन्तानलाई माया र विश्वास सधैं गरिरहन्छ भन्ने सन्दर्भका माध्यमबाट कथामा मातृत्वको विश्वदृष्टिलाई प्रस्तुत गरिएको छ । हरेक आमाहरूका सामूहिक चेतनाबाट निर्मित यस्तो किसिमको विश्वदृष्टि समाजमा आजपर्यन्त देखिएको छ । विश्वदृष्टिका व्याख्याता लुसिएँ गोल्डमानले जुन कथामा समानधर्मिता हुन्छ, त्यही कथा उत्कृष्ट र महान हुन्छ (गोल्डमान, सन् १९८९, पृ. २२) गोल्डमानले भनेझैँ कथामा चित्रित विश्वदृष्टिको संरचना र आम समाजको सामूहिक चेतनाबाट निर्मित विश्वदृष्टिका बिच संरचनाको समानधर्मिता भएकाले प्रस्तुत कथा विश्वदृष्टि र संरचनाको समानधर्मिता अभिव्यक्तका परिप्रेक्ष्यबाट सबल रहेको तथ्य पुष्टि भएको छ ।

### ४.३ तिरस्कारको विश्वदृष्टि र संरचनाको समानधर्मिता

प्रत्येक बाबुआमाले आफ्ना सन्तानका निमित्त धेरै दुःख गरेका हुन्छन्, तर ती सन्तानहरूले आफ्नै बाबुआमाले गरेको दुःखलाई बिर्सेर आफ्नो कर्तव्य भने पूर्ण गरेका हुँदैनन् । नेपाली समाजमा बाबुआमा वृद्ध अवस्थामा प्रवेश गरेपछि पालनपोषण गर्नुको दुःखले उनीहरूलाई झुक्याएर वृद्धाआश्रम, घरबाहिर जताततै छोडेर, अलपत्र पारेर भागेका धेरै उदाहरणहरू यत्रतत्र छन् । त्यसपछि ती असहाय बाबुआमाहरू आफ्ना जीवनका बाँकी दिनहरू रोएर बिताउन बाध्य भएका छन् । आफ्नै बाबुआमाको दुःख पीडालाई लत्त्याएर स्वार्थी सन्तानले सधैँका लागि त्यागेका हुन्छन्/त्यागेका पनि छन् । ती वृद्धा बाबुआमाका सन्तानहरू मन्दिरमा गई पूजापाठ, दान-दक्षिणा गरेको ढोँग त गर्छन् तर बाँचुन्जेल आफ्नै भगवान्सरह बाबुआमाको हेरचाह र सेवा भने गर्दैनन् । यसको नकारात्मक परिणाम भोग्न हरेक बाबुआमाको नियती बनिरहेको छ । यो संवेदनशील विमर्शलाई कथामा यसरी लेखिएको छ :

> त्यो युवकले मलाई सम्झाउँदै भन्यो, पिर नगर्नुस् आमा । यो आश्रम तपाईंहरूजस्ता दुःख पाएका वृद्धाहरू बस्ने आश्रम हो । तपाईंले यहाँ खान, लगाउन, बस्न पाउनुहुन्छ । तपाईंको छोराले अस्पतालमा होइन आश्रममा राख्न तपाईंलाई झुट बोलेर फकाई-फकाई ल्याएको रहेछ । फोन नम्बर र ठेगाना पनि झुटो रहेछ । त्यस्तो अधर्मी छोरालाई सम्झेर किन रुनुहुन्छ ? यतिका तपाईंको जस्तै व्यथाकथा बोकेका वृद्धा आमाहरू हुनुहुन्छ, उहाँहरूलाई आफ्नै दिदीबहिनी र यो आश्रमलाई आफ्नै घर सम्झेर बस्नुहोला । युवकको कुराले मेरो डाँको कम हुँदै गयो । बल्ल छर्लङ्ग भयो छोराबुहारीको मलाई घरबाट निकाल्ने षड्यन्त्र । कहिलेकाहीँ आश्रममा राख्नुपर्छ भन्ने कुराहरू सुन्थेँ, त्यतिबेला बुझिनँ मैले । हुन त म आफ्नै घरमा पनि बेघर भएकी थिएँ (पृ. ७)

सुगतले आमालाई वृद्धाश्रममा छोडेर गएपछि उसकी आमाले धेरै मन दुखाउँछे । आफ्नै सन्तानले कुनै दिन त्यस्तो कठोर व्यवहार गर्न सक्छ भन्ने कल्पना पनि उसले गरेकी हुँदिन । उसले धेरै रोइकराई गरेको देखेपछि आश्रमका सदस्यहरूले उसलाई सम्झाउँछन् र उनीहरूले त्यस्तो अधर्मी छोरालाई सम्झेर नरुनुहोस् भनी सल्लाह दिन्छन् । सुगतले आश्रमलाई सबै आफ्नो ठेगाना, फोन नम्बर गलत दिएको कुरा पनि ती आमालाई सुनाउँछन् । उनीहरूले आश्रममा भएका हरेक आमाहरूका आआफ्नै कथाव्यथा भएको कुरा पनि गर्छन् । कथामा चित्रित यस प्रसङ्गले समाजमा सुगतजस्ता स्वार्थी र निर्दयी प्रवृत्ति भएका सन्तानका कारण धेरै आमाहरूले दुःख पाउँदै आएको र अन्ततः वृद्धाश्रममै बस्न बाध्य भइरहेको समाजको कुरूप यथार्थलाई देखाउँदछ । यसरी आफ्नै छोराले वृद्धाश्रममा ल्याएर सम्पर्कविहीन भएपछि बिलौना गरिरहेकी एउटी निरीह आमाको मार्मिक अवस्थाका माध्यमबाट व्यक्तिवादी सोचले सिर्जना गरेको तिरस्कारको विश्वदृष्टिलाई कथामा अभिव्यञ्जित गरिएको छ । लेखकले अभिव्यक्त गरेको विश्वदृष्टि भनेकै सामूहिक चेतना हो । वृद्धवृद्धा बाबुआमालाई तिरस्कार गर्ने प्रवृत्ति समाजमा आज पनि यत्रतत्र भएकाले कथामा अभिव्यक्त विश्वदृष्टि र समाजको विश्वदृष्टिको संरचनाबिच समानधर्मिता कायम भएको पुष्टि भएको छ ।

### ४.४ परित्यागको विश्वदृष्टि र संरचनाको समानधर्मिता

जब कुनै सन्तानले आफ्ना बाबुआमालाई हेला र बेवास्ता गर्न थाल्छन् तब ती बाबुआमाहरूको असाध्यै चित्त दुख्न थाल्छ । वृद्धाश्रममै पुऱ्याएका बाबुआमाले आफू बेकारमा बाँचेको जस्तो नमिठो अनुभूति गर्छन् । हरेक सन्तानले त्यो अनुभूतिलाई बोध गरेको पाइँदैन । बाबुआमाले भने आफूहरू खिएर पनि आफ्ना सन्तानको सुखका लागि मरिहत्ते गर्छन् । संसारका हरेक वृद्ध बाबुआमाको वास्तविकता यही हो । उनीहरू यसै कारणले कुनै हालतमा पनि आफ्नो सन्तानलाई गुमाउन चाहँदैनन् । उनीहरू जतिसुकै अपमान र तिरस्कार सहेर पनि आफ्ना सन्तानसँगै जीवन व्यतीत गर्न चाहन्छन् । बाबुआमाहरूलाई आफ्नै निर्दयी सन्तानहरूबाट वृद्धाश्रममा पुऱ्याइन्छ र सुरुसुरुमा उनीहरूले धेरै चित्त दुखाए पनि बिस्तारै यही वातावरणमा भिज्दै गएपछि आफूहरू सही ठाउँमा पुगेको अनुभूति गर्न बाध्य हुन्छन्/भएका छन् । यस सन्दर्भलाई तल दिइएको दृष्टान्तले प्रस्ट पार्दछ :

> मेरा परिवारहरू ओझेल हुँदै गए, मेरो मनपीडाको आकाशबाट । श्रापित घरबाट निस्केर म यो आशीर्वादपूर्ण आश्रममा आएकी रहेछु । उपेक्षा र घृणाको प्रहार खपेर घरमा बस्नुभन्दा यही आश्रमको थलो नै मेरो लागि स्वर्गजस्तै हो- जहाँ दुई छाक गाँस सुखले पाउँछु । मलाई छोराले यहाँ ल्याएर राम्रै गरेछ । धन्न मेरो पुण्य बाँकी रहेछ । त्यही खाटको छेउमा आफ्नो सानो कुटुरो थन्क्याएर ती वृद्धा साथीहरूसँग भान्सामा खान जान लागिन् । मनमा उज्यालो पर्खाल उभिँदै गयो (पृ. ८) ।

सुगतले आफ्नी आमालाई वृद्धाश्रममा पुऱ्याएको केही समयपछि ऊ बिस्तारै आश्रमको वातावरणमा घुलमिल हुँदै जान्छे । ऊ आफ्नो छोराको घरमा बस्नुभन्दा त्यहाँ हजारौँ गुणा आनन्द र शान्ति भएको महसुस गर्छे । उसका छोरा र छोराका परिवारले उसलाई अत्यन्तै हेयका दृष्टिले हेर्ने गर्थे । जसको कारण उसले आफू स्वर्गमय पवित्र स्थलमा पुगेको अनुभूति गर्छे । हरेक बाबुआमालाई मिठो खानु र लगाउनुभन्दा पनि प्रेम, सद्भाव र मिठो वचन दिइयो भने उनीहरू भित्रैबाट खुसी र आत्मसन्तुष्टि हुँदा रहेछन् भन्ने सन्दर्भलाई पनि उपर्युक्त साक्ष्यबाट प्रस्ट भएको छ । यसरी आफ्नै सन्तानबाट परित्यक्त एउटी वृद्धा आमाले छोराको घरभन्दा वृद्धा आश्रमलाई नै शान्तिपूर्ण र पवित्र स्थल मानेर बस्न बाध्य भएकी आमाको संवेदनशील अवस्थाका माध्यमबाट प्रस्तुत कथांशमा परित्यागको विश्वदृष्टिको निर्माण भएको छ । यस्तो किसिमको कटु परित्याग आजपर्यत पनि समाजमा जस्ताको त्यस्तै भएकाले कथामा चित्रित विश्वदृष्टिको संरचनाले समाजसँग समानधर्मिता राखेको तथ्यलाई प्रस्ट पारेको छ ।

सुगत र उसका परिवारले आफ्नी आमाप्रति गरेको अमानवीय व्यवहारका माध्यमबाट अहिलेको पुस्तामा व्याप्त व्यक्तिवादी सामूहिक चेतनालाई कथाकारले विश्वदृष्टिको रूपमा व्यक्त गरेका छन् । आर्थिक रूपले सम्पन्नशाली भएर पनि आफ्ना बाबुआमालाई आश्रममा लगेर राखिदिने खराब प्रवृत्ति अहिलेको पुस्तामा बढ्दै गएको छ । अहिलेको नेपाली समाज र समाजमा भएका पात्रहरूका चरित्रसँग कथामा प्रस्तुत तात्कालीन समाज र ती समाजमा भएका चरित्रसँग पनि बलियो समानधर्मिता राख्दछ । यो समानधर्मिताको संरचना भनेकै व्यक्तिवादी धारणा, सोच र व्यवहारले सिर्जना गरेको छ । धनसम्पत्तिले सम्पन्न भए पनि मन र सोचले दरित्र भएका पुस्ताहरू अहिले पनि हाम्रो समाजमा यत्रतत्र छन् । लुसिएँ गोल्डमानले जुन कृति अथवा पाठले समाजसँग समानधर्मिता राख्न सक्छ त्यो कृति अथवा पाठ महान् र उच्च हुन्छ भनेझैँ यस कथामा व्यक्त भएको विश्वदृष्टि र समाजसँगको समानधर्मिता कायम गर्न सकेको कारणले यो कथा उच्च र प्रबल रहेको कुरा कथामा दिइएका विभिन्न दृष्टान्तहरूले पुष्टि गरेका छन् । त्यसैले श्रेष्ठको यो कथा विश्वदृष्टि र संरचनाको समानधर्मिताका परिप्रेक्ष्यबाट सबल र प्रभावकारी रहेको छ भन्ने तथ्यलाई अनुशीलन गरिएको छ ।

## ५. निष्कर्ष

भागीरथी श्रेष्ठद्वारा लिखित 'उज्यालाको पर्खाल' कथामा परिवर्तित नेपाली समाजमा व्यक्तिवादी सोच र व्यवहारले निम्त्याएको जीवनशैलीका कारण एउटी वृद्धाआमाले भोग्नुपरेको शारीरिक र मानसिक तिरस्कारलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । समाजमा समान विशेषता भएका मानिसहरूको साझा

धारणा नै विश्वदृष्टि हो । विश्वदृष्टिको विकासको सम्बन्ध समाजका वर्ग र समूहको इतिहाससँग हुन्छ । यो सामूहिक चेतनाद्वारा निर्मित हुन्छ । यस कथामा मूलतः निराशावादी, मातृत्व, तिरस्कार र परित्यागको विश्वदृष्टि सघन रूपमा अभिव्यक्त गरिएको छ । आफ्नो सन्तानबाट तिरस्कृत हुँदाको पीडाबाट विकसित भएको सामूहिक चेतना नै यस कथामा पनि विश्वदृष्टिको रूपमा अभिव्यक्त गरिएको छ । कृतिमा प्रयुक्त पात्र वृद्धा आमाले आफ्नो सन्तानमाथि विश्वास र भरोसा गर्नु स्वभाविक हुँदाहुँदै पनि त्यस विश्वास र भरोसालाई आफ्नो सन्तानले लत्त्याएको सन्दर्भलाई कथामा उजागर गरिएको छ । यस्तो किसिमको प्रवृत्ति नेपाली समाजमा आजपर्यन्त चलिनै रहेको छ । यी विश्वदृष्टिहरू तत्कालीन समाजको सामूहिक चेतनाको पृष्ठभूमिबाट निर्माण भएका छन् । विश्वदृष्टिका व्याख्याता लुसिएँ गोल्डमानले जुन पाठ अथवा कृतिले समाजसँग समानधर्मिता राख्छ, त्यही कृति उच्च र महान् हुन्छ भनेझैँ तत्कालीन समाजको सामूहिक चेतना र आज अभिव्यक्त भएको समाजको चेतनासँग पनि यस कथाले समानधर्मिता राख्छ । त्यसैले यस अध्ययनमा विश्वदृष्टि र संरचनाको समानधर्मिताका परिप्रेक्ष्यबाट 'उज्यालाको पर्खाल' शीर्षक कथा सबल र उत्कृष्ट रहेको तथ्य पुष्टि भएको छ ।

## सन्दर्भ सामग्रीसूची


क्षेत्री, उदय (२०६४). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय. मानविकी सङ्काय ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क). ललितपुर : साझा प्रकाशन ।

घिमिरे, तुलसी (२०७६). *महेशविक्रम शाहका कथामा विश्वदृष्टि.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

जैन, निर्मला (सन् १९९२). *साहित्य का समाजशास्त्रीय चिन्तन.* दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निदेशालय, दिल्ली विश्वविद्यालय ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). विश्वदृष्टिका परिप्रेक्ष्यमा छापामारको छोरो कथाको समाजशास्त्र. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन, पृ. १६-२३ ।

पाण्डेय, मैनेजर (सन् २०१६). *साहित्य और समाजशास्त्रीय दृष्टि.* आधार प्रकाशन : हरियाणा । पाण्डेय, नेजर (सन् १९८९). *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पौडेल, ईश्वरा (२०२५,जनवरी). अणिमाका लघुकथामा विश्वदृष्टि. कलादर्पन. पृ.४६-६५ ।

राई, यसोदा (२०७९). 'गणतन्त्रोत्तर नेपाली कथाको समाजशास्त्रीय अध्ययन'. नेपाल प्रज्ञा-प्रतिष्ठानका अनुसन्धानात्मक परियोजनाअन्तर्गत साहित्य (आख्यान) विभागमा प्रस्तुत अनुसन्धान प्रतिवेदन ।

श्रेष्ठ, चन्द्रमान (२०७६). उसले रोजेको बाटो उपन्यासमा विश्वदृष्टि. अपरा. (३). पृ.५०-५७) ।

श्रेष्ठ, भागीरथी (२०६६). *रातो गुलाफ.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

Goldman, Lucian (1980). *Essays on Method in the Sociology of Literature*. America : Telos Press.